# भाग ३

## गण्डकी प्रदेश सरकार

## वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको सूचना

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७९।०९।१२ को बैठकले वन नियमावली, २०७९ को नियम १२८ को उपनियम (६) बमोजिम काठ दाउरामा आधारित उद्योग स्थापना तथा सञ्चालनका लागि उद्योग र वनक्षेत्रबीच कायम हुनु पर्ने दूरी निर्धारण सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

### काठ, दाउरामा आधारित उद्योग स्थापना तथा सञ्चालनका लागि उद्योग र वनक्षेत्र वीच कायम हुनु पर्ने दुरी

(क) काठ र दाउरामा आधारित उद्योग स्थापना गर्दा उद्योग र वन क्षेत्र बीचको देहाय बमोजिमको दुरी कायम गर्ने ।

| क्र.सं. | उद्योगको किसिम | दुरी(कि.मी.) |
|---|---|---|
| १ | फर्निचर उद्योग | |
| १.१ | १८ इन्चसम्म व्यास साइजको सर्कुलर आरा र ३५ इन्चसम्म साइजको बैण्ड आरा रहेको कुटिर, साना र मझौला उद्योग | ०.१०० |
| १.२ | ३६ इन्च तथा सो भन्दा बढि साइजको बैण्ड आरा रहेको सवै खाले उद्योग | ०.२०० |
| २ | सःमिल/ भेनियर/ उड सिजनिङ/ खयर कत्था /ईट्टा उद्योग | ०.२०० |

(ख) ईट्टाभट्टा तथा चिम्नी सञ्चालन गर्दा दाउरा प्रयोग नहुने भनी सम्बन्धित निकायबाट प्रमाणित भै आएमा डिभिजन वन कार्यालयको सहमति लिई सञ्चालन गर्न पाउने।

(ग) स्थानीय सीपमा आधारित काठ र दाउरा प्रयोग हुने मादल, ठेकी, मौरीघार, हस्तकला सामाग्री उत्पादन गर्ने उद्योगको हकमा कुटिर, साना र मझौला फर्निचर उद्योग सरहको दुरी लागू हुने ।

(घ) संरक्षित क्षेत्र अन्तर्गत पर्ने मध्यवर्ती क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२ अनुसार हुने ।

(ङ) औद्योगिक क्षेत्र भित्र सञ्चालन हुने काठ दाउरामा आधारित उद्योगका हकमा दुरी नलाग्ने ।

(च) यो मापदण्ड लागू हुनु अघि दर्ता भै उल्लेखित दुरी भन्दा टाढा हाल सञ्चालनमा रहेका काठ दाउरामा आधारित उद्योगहरुका हकमा यो मापदण्ड लागू हुने छैन। तर यस्ता उद्योगहरु सो स्थानबाट स्थानान्तरण वा क्षमता बृद्धी गर्नु पर्ने भएमा यसै मापदण्ड बमोजिम हुनेछ ।

आज्ञाले,
बद्रिराज ढुङ्गाना
प्रदेश सरकारको सचिव